# स्थानीय राजपत्र

**भानु नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड: ०६** **संख्या: ०७** **मितिः २०८०/०६/१८**


**भाग-२**

**भानु नगरपालिका**

नेपालको संविधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधरणको लागि प्रकाशन गरिएको छ ।

## विपद् ब्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०८०

**प्रमाणिकरण मिति : २०८०/०३/०३**

प्रस्तावना:

भानु नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट हुन सक्ने जोखिम न्यूनीकरण तथा ब्यवस्थापनका लागि स्थापना भएको विपद् ब्यवस्थापन कोषको सञ्चालन सम्बन्धी कार्यविधि बनाउन बाञ्छनीय भएकोले, विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन गर्न बनेको ऐन, २०७४ को दफा २७ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) को क्षेत्राधिकार र दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भानु नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "विपद् ब्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि भानु नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन गर्न बनेको ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) "कोष" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन गर्न बनेको ऐन, २०७४ को दफा २३ को उपदफा (१) तथा यस कार्यविधिको दफा ३ बमोजिम बमोजिमको विपद व्यवस्थापन कोष सम्झनुपर्छ ।

(ग) "विपद" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई धन वा जनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल प्रभाव पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद सम्झनुपर्छ ।

(घ) "प्राकृतिक विपद" भन्नाले हिमपात, असीना, पहिरो, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुवान, खडेरी, आँधी, हुरी, बतास, मानव, पशुपंक्षी र बोटविरुवामा आउने महामारी रोग, शीतलहर, तातो हावाको लहर, चटयाङ, भुकम्प, ज्वालामुखी विष्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपदबाट उत्पन्न जुनसुकै विपद सम्झनुपर्छ ।

(ङ) "विपद खोज तथा उद्धार समूह" भन्नाले विपदको अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद व्यवस्थापनका लागि परिचालन गर्न तयार गरिएको विशिष्टिकृत खोज तथा उद्धार समूह सम्झनुपर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउछ ।

(च) "विपद जोखिम न्यूनीकरण" भन्नाले विपद पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद रोकथाम वा विपदबाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनुपर्छ ।

(छ) "विपद पुनर्लाभ" विपदको घटना पछि गरिने पुनःनिर्माण तथा एवं पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनुपर्छ ।

(ज) "विपद प्रतिकार्य"  भन्नाले विपदको घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवं राहतसँग सम्बन्धित कार्य सम्झनुपर्छ र सो शब्दले विपद प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

(झ) "विपद व्यवस्थापन" विपद जोखीम न्यूनीकरण, विपद प्रतिकार्य र विपद पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनुपर्छ ।

(ञ) "सुरक्षा निकाय" भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग तथा प्रदेश प्रहरी सम्झनुपर्छ ।

(ट) "प्रभावित ब्यक्ति" भन्नाले विपद्को घटनाबाट परिवारका सदस्य गुमाएको, शारीरिक वा मानसिक समस्या उत्पन्न भएको, घर, जग्गा जमिन, पशुपन्छी, खाद्यान्न, लत्ता कपडा तथा अन्य सम्पत्तिमा आंशिक वा पूर्ण रुपमा नोक्सानी पुगेको वा विपद्का कारण अन्य कुनै तरिकाबाट प्रभावित भएको ब्यक्तिलाई सम्झनुपर्छ ।

(ठ) "राहत" भन्नाले विपद् प्रभावित ब्यक्तिलाई उपलब्ध गराईने नगद तथा बस्तुगत सहायता सामग्री समेत सम्झनुपर्छ ।

(ड) "नगरस्तरीय समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नगर प्रमुखको अध्यक्षतामा गठित विपद व्यवस्थापनको काम गर्न गठित स्थानीय तहको समिति सम्झनुपर्दछ ।

(ढ) "समिति" भन्नाले स्थानीय तहमा गठित विपद व्यवस्थापन सम्बन्धी काम गर्ने विषयगत समितिलाई बुझाउँछ ।

(ण) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनुपर्दछ ।

(त) "कार्यपालिका" भन्नाले भानु नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ ।

(थ) "नगर सभा" भन्नाले भानु नगरपालिकाको नगरसभा लाई सम्झनु पर्दछ ।

(द) "नगर प्रमुख, "नगर उप प्रमुख" तथा "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले भानु नगरपालिकाको क्रमशः नगर प्रमुख, नगर उप प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ध) "वडा कार्यालय" भन्नाले भानु नगरपालिकाको सम्वन्धित वडा कार्यालयलाई सम्झनुपर्दछ ।

(न) "फोकल पर्सन" भन्नाले विपद्/प्रकोप व्यवस्थापन हेर्ने गरी नगरपालिकाले तोकेको कर्मचारी सम्झनु पर्दछ ।

(प) "वडा सचिव" भन्नाले भानु नगरपालिकाका वडाहरुमा कार्यरत वडा सचिवलाई सम्झनुपर्दछ ।

## परिच्छेद -२

## कोषको स्थापना, उद्देश्य तथा प्रयोग

**३. कोषको स्थापनाः**

स्थानीय स्तरमा उत्पन्न भएको वा हुन सक्ने विपद्को जोखिम न्यूनीकरण तथा पूर्व तयारी, खोज, उद्धार, राहत र पुनःस्थापना सम्बन्धी कार्य नगर स्तरबाटै सञ्चालन गर्नका लागि कोषको आम्दानी हुने रकम संकलन तथा खर्च हुने रकम परिचालनका लागि नगरपालिकाको सञ्चित कोष रहेको वित्तीय संस्थामा एक छुट्टै खाता खोलिनेछ । कोषको कूल आम्दानी अन्तर्गत यस कार्यविधिको दफा ५ बमोजिम कोषमा जम्मा हुने गरी प्राप्त भएको रकम र सो कोषमा प्राप्त ब्याज समेतलाई मानिनेछ ।

**४. कोषको उद्देश्यः**

(१) स्थानीय स्तरमा हुन सक्ने सम्भाव्य विपद्को जोखिम न्यूनीकरण तथा विपद्को ब्यवस्थापनका लागि आर्थिक तथा बस्तुगत सहायता परिचालन गर्नु कोषको उद्देश्य रहनेछ ।

(२) कोषले देहायका क्षेत्रमा काम गर्नेछ

(क) विपद्को घटनाबाट प्रभावित ब्यक्तिहरुलाई स्थानीय स्तरमा तुरुन्त खोज, उद्धार र राहत सेवा उपलब्ध गराउने

(ख) विपद् पर्दा तत्कालै स्थानीय स्तरमा सामना गर्न सक्ने वातावरण निर्माण गरी पिडित पक्षको उद्धार र व्यवस्थापन गर्ने सामग्रीको खरिद तथा भण्डारण गर्ने ।

(ग) विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ कार्यहरुलाई सहजीकरण गर्ने ।

**५. कोषको आम्दानीः**

(१) कोषमा देहाय बमोजिमका रकम आम्दानीको रुपमा जम्मा हुनेछः

(क) नगरपालिकाको बार्षिक बजेट मार्फत विपद् ब्यवस्थापन कोषमा जम्मा हुने गरी स्वीकृत रकम,

(ख) विपद् ब्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुने गरी अन्य स्थानीय तहबाट प्राप्त हुने रकम,

(ग) विपद् ब्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुने गरी प्रदेश सरकार तथा नेपाल सरकारबाट प्राप्त रकम,

(घ) नगरसभाबाट स्वीकृत आर्थिक ऐनमा ब्यवस्था गरिए बमोजिम विपद् ब्यवस्थापन कोषमा जम्मा हुने गरी प्राप्त हुने शुल्क तथा दस्तुर रकम,

(च) स्वदेशी बिभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरु र त्यसमा कार्यरत कर्मचारीहरु, उद्योगी, ब्यवसायी, पेशाकर्मी, राजनीतिक दल, नागरिक समाज, धार्मिक तथा परोपकारी संघसंस्था र आम सर्वसाधारणबाट स्वेच्छिक रुपमा प्राप्त चन्दा वा सहयोग रकम,

(छ) गैर आवासीय नेपाली, वैदेशिक सरकार तथा संघ संस्थाको तर्फबाट प्रचलित कानूनको अधिनमा रही प्राप्त हुने रकम,

(ज) कोषको खाता सञ्चालनमा रहेको वित्तीय संस्थाले त्यस्तो कोषमा रहेको रकममा उपलब्ध गराएको ब्याज रकम,

(झ) प्रचलित कानूनको अधिनमा रही कोषमा जम्मा हुने गरी अन्य कुनै स्रोत बाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषलाई उपलब्ध हुने रकम सम्बन्धित ब्यक्ति वा संस्थाले यस कार्यविधिको दफा ३ बमोजिमको कोषको बैंक खातामा सिधै जम्मा गरिदिन वा नगरपालिकाको आर्थिक प्रशासन शाखामा नगद जम्मा गर्न सक्ने छ । त्यसरी नगद जम्मा हुन आएमा आर्थिक प्रशासन शाखाले सम्बन्धित ब्यक्ति वा संस्थालाई सोको भरपाई उपलब्ध गराउनु पर्नेछ ।

(३) कोषमा रकम जम्मा गर्ने ब्यक्ति तथा संस्थाको नाम र प्राप्त सहायता रकम सम्बन्धी मासिक विवरण अर्को महिनाको सात गते भित्र सार्वजनिक गरिनेछ । तर कुनै ब्यक्ति वा संस्थाले सहायता उपलब्ध गराउँदा आफ्नो नाम सार्वजनिक नगर्न समितिलाई अनुरोध गरेको छ भने निजको नाम उल्लेख नगरी विवरण सार्वजनिक गर्न बाधा पर्ने छैन ।

**६. कोषको प्रयोगः**

(१) कोषमा जम्मा भएको रकम खर्च गर्दा विपद व्यवस्थापन समितिको निर्णय तथा सिफारिसका आधारमा हुनेछ ।समिति गठन नभएको अवस्थामा कार्यपालिका बैठकको निर्णय अनुसार खर्च गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि तत्काल विपद् प्रतिकार्य गर्नु पर्ने अवस्था रहेको, तर समितिको बैठक बस्न सक्ने अवस्था नरहेमा तत् पश्चात लगतै बस्ने समितिको बैठकबाट अनुमोदन गराउने गरी संयोजकको आदेश बाट एक पटकमा बढीमा तिस हजार रुपैयासम्मको रकम खर्च गर्न बाधा पुग्ने छैन ।

(३) कोषमा जम्मा भएको रकम देहाय बमोजिमको कार्यमा खर्च गरिनेछ,

क) विपदबाट प्रभावित भएको वा समुदायको तत्काल खोजी, उद्धार तथा सम्पत्तिको संरक्षण गर्ने ।

ख) विपद् प्रभावितको तत्कालीन राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ता कपडा, औषधी, सरसफाइ तथा शैक्षिक सामग्री जस्ता बस्तुहरु खरिद गरी उपलब्ध गराउन तथा तत् सम्बन्धी अन्य आवश्यक कार्य गर्न,

ग) विपद्को कारण स्थायी बसोबास स्थल गुमाएका ब्यक्तिहरुका लागि अस्थायी शिविर वा आश्रयस्थल बनाउन तथा पुनःस्थापना गर्न,

घ) विपद्को कारणबाट घाइते वा बिरामी भएका ब्यक्तिको औषधी उपचार गर्न,

ङ) विपद् प्रभावितलाई मनोवैज्ञानिक उपचार तथा मनोमरामर्श सेवा प्रदान गर्न,

च) विपद्को कारणबाट मृत्यु भएका ब्यक्तिको काजक्रिया वा सदगतका लागि निजको परिवारलाई तोकिए बमोजिमको सहायता उपलब्ध गराउन

छ) विपद्को कारण सम्पत्तिको क्षति हुने व्यक्तिलाई तोकिए बमोजिमको राहत उपलब्ध गराउन,

ज) खोज, उद्धार तथा प्राथमिक उपचारका लागि स्वयमसेवक तथा विशेषज्ञको परिचालन र सामग्री खरिद तथा भण्डारण गर्न,

झ) विपद्को कारणबाट भएको फोहरमैला तथा प्रदुषणको बिसर्जन गर्न,

ञ) विपद् पूर्व सूचना प्रणाली स्थापना सम्बन्धी उपकरण खरिद, प्रणाली विकास र सोको सञ्चालन गर्न,

ट) खोज, उद्धार र राहतको लागि तत्काल सञ्चार तथा यातायात सूचारु गर्न,

ठ) स्थानीय स्तरमा रहेका विपद् ब्यवस्थापन स्वयमसेवकहरुको क्षमता बिकास तथा परिचालन सम्बन्धी कार्य गर्न,

ड) जोखिमयुक्त स्थानको पहिचान तथा उक्त स्थानको धन जनको स्थानान्तरण गर्न,

ढ) विपद् पश्चात विपदबाट भएको क्षतिको लेखाजोखा र विपद् पश्चातको आवश्यकताको पहिचान गर्न,

ण) विपद् पछिको पुनःनिर्माण गर्न, विपदवाट क्षति भएका सिंचाइ कुलो, खानेपानी, विजुली मर्मत तथा यातायात व्यवस्था सुचारु गर्नको लागि खर्च गरिएको रकम भुक्तानी गर्न

त) विपद् पूर्व तयारी, विपद् प्रतिकार्य र विपद् पछिको पुनर्लाभ,

थ) समितिले तोके बमोजिमको विपद् ब्यवस्थापन सम्बन्धी अन्य काम गर्न, गराउन ।

द) नगरस्तरीय विपद् व्यवस्थापन समितिका सदस्य वा कार्यदलको वैठक संचालन गर्दा वा सदस्यहरुको क्षमता अभिवृद्धि गर्न ।

ध) जंगली जनावरको आक्रमणवाट बचाउनको लागि अपनाइने सुरक्षा उपायमा खर्च भएको रकम तथा जंगली जनावरको आक्रमण वाट भएको क्षतिको राहत उपलव्ध गराउन

न) नगरबासीलाई विपद पुर्व तयारीको लागि सुचना उपलब्ध गराउन र विपद व्यवस्थापन सुचना प्रणालीको व्यवस्थापन गर्न ।

प) समितिले विपद व्यवस्थापनका लागि पालिकामा हुन सक्ने तपसिल बमोजिमका विपदलाई निम्न बमोजिमको मापदण्डमा रही कोषको रकम खर्च गर्न सक्नेछ ।

| क.स | विपद | न्युनतम (रु.) | अधिकतम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | घरमा आगलागी | ५,०००/- | ३०,०००/- | घटनाको प्रकृति अनुसार |
| २ | आँधीबेरी हुरी वतास | ५,०००/- | ३०,०००/- | " |
| ३ | बाढी पहिरो | ५,०००/- | ३०,०००/- | " |
| ४ | चटयागं | ५,०००/- | ३०,०००/- | " |
| ५ | विद्युतीय दुर्घटना | ५,०००/- | ३०,०००/- | " |
| ६ | महामारी रोग | ५,०००/- | ३०,०००/- | " |
| ७ | गोठमा आगलागी भै पूर्ण क्षति भएमा | क्षति मुल्यांकन हेरी बढीमा | १०,०००/- | - |
| ८ | टौवामा आगलागी भै पूर्ण क्षति भएमा | क्षति मुल्यांकन हेरी बढीमा | १०,०००/- | - |
| ९ | अन्य नगरमा हुन सक्ने विपदको हकमा सहयोग | ३,०००/- | २०,०००/- | घटनाको प्रकृति अनुसार |
| १० | जंगली जन्तुको आक्रमणबाट घाइते वा मृत्यु भएको हकमा | ५,०००/- | ३०,०००/- | |
| ११ | वेवारिसे लास व्यवस्थापन खर्च एकमुष्ट रु | ५,०००/- | २०,०००/- | |
| १२ | विपदबाट मृत्यु भएकोमा किरिया खर्च वापत प्रति परिवार एकमुष्ठ रु.२५,०००/- | | | |

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमित रुपमा गरिने विकास निर्माण सम्बन्धी कार्यलाई विपद् ब्यवस्थापनसँग आवद्ध गराएर कोषबाट कुनै पनि किसिमको खर्च गर्न पाईने छैन ।

(५) कोषमा मौज्दात रकम पाँच लाख रुपैंया भन्दा घटि भएको अवस्थामा आपतकालिन कार्य बाहेक अन्य प्रयोजनका लागि कोषको रकम प्रयोग गरिने छैन ।

**७. राहत सहायता वितरणः**

(१) प्रभावित ब्यक्तिलाई राहत उपलब्ध गराउँदा कोषमा जम्मा भएको रकमबाट उपलब्ध गराईनेछ ।

(२) उपदफा (१) बमोजिम राहत उपलब्ध गराउनु पूर्व कोषबाट राहत उपलब्ध गराईदिने सम्बन्धमा विपद् प्रभावित ब्यक्ति वा निजको एकाघरको परिवारका सदस्यले विपद्को घटना र सोबाट आँफू वा आफ्नो परिवारको सदस्यलाई पर्न गएको हानी नोक्सानीको विवरण, नागरिकताको प्रतिलिपि र सम्वन्धित वडा कार्यालयको सिफारिस सहित कार्यालयमा निवेदन दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन दर्ता गर्दा विपद्को घटना र सोबाट पर्न गएको हानी नोक्सानीको मूल्याङ्कन सहितको सर्जमिन मुचुल्का वा प्रहरी प्रतिबेदन समेत निवेदन साथ संलग्न गरिएको हुनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम दर्ता भएको निवेदन र उपदफा (३) बमोजिमको संलग्न मुचुल्का वा प्रतिवेदन समेतका आधारमा विपद् प्रभावितलाई कोषबाट राहत रकम उपलब्ध गराउँदा विपद्को सघनता र ब्यापकता, कोषमा जम्मा भएको रकमको उपलब्धता र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिले उचित ठहऱ्याए बमोजिम उपलब्ध गराइनेछ ।

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि विपद्को कारणले गम्भिर हानी नोक्सानी वा घाईते भई विपद् प्रभावित ब्यक्ति वा निजको एकाघरको परिवारका सदस्यले राहतका लागि निवेदन दर्ता गर्न सक्ने अवस्था नरहेमा र तत्काल राहत उपलब्ध नगराउँदा विपद् प्रभावित ब्यक्ति थप जोखिममा धकेलिन सक्ने वा थप जनधन र स्वास्थ्यमा हानी नोक्सानी पुग्न सक्ने अवस्था छ भन्ने समितिलाई लागेमा त्यस्तो ब्यक्तिलाई समितिले दफा ६ को उपदफा ३ को खण्ड (प) बमोजिमको मापदण्ड भित्र रही निर्णय गरेर तत्काल राहत उपलब्ध गराउन सक्नेछ ।

६) उपदफा ५ मा जुनसुकै कुरा कुरा भएपनि विपद तथा जोखिमको कारणले गम्भिर हानी नोक्सानी वा घाइते भई प्रभावित व्यक्ति वा निजको घरपरिवारका सदस्यलाई तत्काल राहत उपलब्ध गराउदा वडा सचिव वा नगर विपद समितिको फोकल पर्सनले नगर विपद कोषबाट सोझै पेश्की रकम लिई राहत उपलब्ध गराउन सक्नेछ ।

७) उपफा ५ अनुसार नगर विपद फोकल पर्सन वा वडा सचिवले राहत उपलब्ध गराउन लिएको पेश्की रकम समितिको निर्णयबाट फछ्यौंट गर्नुपर्नेछ ।

(८) विपद् प्रभावित ब्यक्तिलाई यस दफा बमोजिम राहत उपलब्ध गराउँदा महिला, बालबालिका, किशोर किशोरी, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका ब्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।

**८. कोषको रकम प्रयोग गर्न नपाईनेः**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैनः

(क) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,

(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रुपमा तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भम्रण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(घ) विपद्बाट प्रभावितलाई दिईने तोकिए बमोजिमको राहत बाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) विपद्संग सम्बन्धित बाहेक अन्य गोष्ठी, अन्तरक्रिया वा सभा सम्मेलन सञ्चालन गर्न, गराउन,

(च) आकस्मिक रुपमा निर्माण गर्नु पर्ने बाहेकका अन्य नियमित पूर्वाधार विकास निर्माण सम्बन्धी कार्य गर्न, गराउन,

(छ) विपद् जोखिम न्यूनीकरण तथा विपद् ब्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न, गराउन ।

## परिच्छेद - ३

## कोषको सञ्चालन, लेखा व्यवस्थापन तथा लेखा परीक्षण

**९. कोषको सञ्चालनः**

(१) कोषको रकम भानु नगरपालिका स्थित कुनै बैंकमा जम्मा गरी बैंकको खाता सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(३) कोषले कार्यपालिकाले तोके बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(४) कोषको चौमासिक रुपमा भएको आम्दानी र खर्चको विवरण अर्को महिनाको सात गते भित्रमा सार्वजनिक गर्नु पर्नेछ ।

(५) आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिना भित्र समितिले कोषको बार्षिक आय व्ययको विवरण समेत खुल्ने बार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत नगरसभा समक्ष पेश गर्नु पर्नेछ ।

(६) कोषको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट हुनेछ ।

(७) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(८) नगर कार्यपालिकाले चाहेमा जुन सुकै बखत समितिको हिसाब किताब जाँच्न वा जाँच गराउन सक्नेछ

(९) नगर कार्यपालिकाको कार्यालयले कम्तीमा बर्षको एक पटक कोषको सामाजिक र सार्वजनिक लेखा परीक्षणको ब्यवस्था मिलाउने छ ।

## परिच्छेद -४

## विविध

**१०. सशर्त सहायताः**

(१) विपद् ब्यवस्थापन सम्बन्धी तोकिएको कार्य सम्पादन गर्ने शर्त सहित कुनै ब्यक्ति वा संस्थाले कोषमा आर्थिक वा बस्तुगत सहायता उपलब्ध गराउन चाहेमा त्यस्तो सहायता प्राप्त गर्नु पूर्व समितिले शर्त स्वीकार गर्ने वा नगर्ने सम्बन्धी निर्णय गर्नेछ र शर्त स्वीकार गरेको अवस्थामा मात्र सहायता रकम वा सामग्री कोषमा जम्मा हुनेछ । तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारले सशर्त अनुदान उपलब्ध गराउने हकमा समितिको पूर्व निर्णय आवश्यक पर्ने छैन । यस सम्बन्धमा आर्थिक सहायताको हकमा कार्यविधि अनुसार र बस्तुगत सामग्रीको हकमा नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार हुनेछ ।

(२) उपदफा (१) बमोजिम कोषमा प्राप्त अनुदान रकम तोकिएको काममा मात्र उपयोग गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कोषमा प्राप्त अनुदान रकम तोकिए बमोजिमको कार्यमा उपयोग भए नभएको सम्बन्धमा त्यस्तो सहायता उपलब्ध गराउने ब्यक्ति वा संस्थाले विवरण माग गरेमा सोको विवरण उपलब्ध गराउनु पर्नेछ ।

**११. रकम फ्रिज नहुने तथा आवर्ती कोष (रिवल्विङ् फण्ड) को रुपमा रहनेः**

(१) दफा ५ को उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै

रहनेछ । तर दफा १३ को उपदफा (१) बमोजिम प्राप्त सहायता रकमलाई त्यस्तो शर्त अनुरुप उपयोग गर्न नसकेको कारण जनाई सहायता उपलब्ध गराउने सम्बन्धित ब्यक्ति वा संस्थाले फिर्ता माग गरेमा कोषबाट रकम फिर्ता गर्न बाधा पर्ने छैन ।

(२) कोषलाई आवर्ती कोष (रिबल्विङ्ग फण्ड) को रुपमा सञ्चालन गरिनेछ ।स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि आवर्ती कोष (रिबल्विङ फण्ड) भन्नाले कोषबाट खर्च भएको नगद बार्षिक रुपमा बजेट विनियोजन मार्फत पुनः पूर्ति गर्दै जाने गरी स्थापित कोषलाई सम्झनुपर्छ ।

(३) कोषमा मौज्दात रकम पाँच लाख रुपैया भन्दा न्यून हुन गएमा तत्काल थप रकम जम्मा गर्न प्रयत्न गरिनेछ ।

**१२. सहयोगका लागि आह्वान गर्नेः**

(१) भानु नगरपालिकामा आकस्मिक रुपमा उत्पन्न भएको र भविष्यमा हुने दैवी प्रकोप तथा विपद प्रभावित पक्षलाई व्यवस्थापन गर्नका लागि भानु नगरपालिकाको विपद व्यवस्थापन कोषमा रकम जम्मा गर्नका लागि सम्बन्धित सरोकारवालाहरु समक्ष समितिले निर्णय गरी सार्वजनिक रुपमा आह्वान गर्न सक्नेछ ।

२) विपद्का कारण आपत्कालिन अवस्था सिर्जना भई स्थानीय स्रोत साधन र क्षमताले विपद्को सामना गर्न कठिन भएमा नगरपालिकाले छिमेकी स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारलाई कोषमा आर्थिक तथा बस्तुगत सहायता उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

(३) विपद्बाट प्रभावितको खोज, उद्धार र राहतका लागि समितिले स्थानीय समाजिक तथा परोपकारी संघ, संगठन, युवाक्लब, आमासमुह, स्वयम् सेवक, राष्ट्रसेवक, उद्योगी ब्यवसायी, प्रबुद्ध ब्यक्ति तथा आम सर्वसाधारणलाई पनि सहयोगका लागि अनुरोध गर्न सक्नेछ ।

**१३. अभिलेख राख्नेः**

(१) समितिले कोष परिचालन सम्बन्धमा गरेको निर्णय र अन्य काम कारवाहीको अभिलेख दुरुस्त राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख समितिको सदस्य-सचिव वा सो गठन नभए सम्मको लागि विपद फोकल पर्सनको जिम्मामा रहनेछ ।

(३) दफा (१) बमोजिमको अभिलेख सरोकारवाला कुनै ब्यक्ति वा संस्थाले माग गरेमा निजलाई नियमानुसार त्यस्तो अभिलेख उपलब्ध गराईनेछ ।

**१४. अनुगमनः**

(१) यस कार्यविधि बमोजिम कोष परिचालन तथा सोबाट भएका कामको नियमित तथा आकस्मिक अनुगमन सम्बन्धी कार्यका लागि नगरस्तरीय समितिको संयोजक वा निजले तोकेको समितिको अन्य कुनै सदस्यको संयोजकत्वमा समितिको न्यूनतम थप एक सदस्य समेत संलग्न रहेको अनुगमन टोली खटिई कोष परिचालनबाट भएको कामको अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएको अनुगमन टोलीले आफूलाई प्राप्त कार्यदिशका आधारमा अनुगमनका क्रममा देखिएको सत्य तथ्य विवरण सहितको प्रतिबेदन नगरस्तरीय समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको प्रतिवेदन समेतका आधारमा कोष परिचालनमा कुनै कमि कमजोरी भएको देखिएमा त्यसलाई सुधार गर्न समितिले आबश्यक निर्देशन दिन सक्ने छ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तब्य हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कोष परिचालनमा कुनै गम्भिर त्रुटी रहेको र सोलाई तत्काल रोक्न आवश्यक देखिएमा संयोजकले त्यस्तो कार्य रोक्न निर्देशन दिन सक्नेछ ।

(५) अनुगमनका क्रममा कुनै व्यक्तिले झुठा विवरण पेश गरी कोषबाट राहत प्राप्त गरेको वा कोषले उपलब्ध गराएको राहतको दुरुपयोग गरेको पाईएमा दोषी उपर प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(६) उपदफा (१) बमोजिमको अनुगमन टोलीमा उपलब्ध भएसम्म स्थानीय राजनीतिक दल, विपद् ब्यवस्थापन सम्बन्धी कर्यामा संलग्न गैर सरकारी संघसंस्था, उद्योगी ब्यवसायी आवद्ध संघ संगठन, नागरिक समाज तथा पत्रकार आवद्ध संघ संगठन र सशर्त सहायता उपलब्ध गराउने व्यक्ति वा संस्थाको प्रतिनिधि समेतलाई संलग्न गराईनेछ ।

**१५.** निर्देशन दिन सक्नेः नगर सभाले समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**१६.** कार्यपालिका बैठकको निर्णयबाट यस कार्यविधिमा संशोधन तथा थपघट गर्न सकिनेछ ।।

१७. भानु नगरपालिकाद्वारा जारी विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७६ खारेज गरिएको छ । यस कार्यविधि लागु हुनुभन्दा अघि कार्यालयमा प्राप्त विपद तथा प्रकोपसँग सम्बन्धित घटना वापतको रकम अव उप्रान्त यसै कार्यविधि बमोजिम भुक्तानि गरिनेछ ।

आज्ञाले

दिवाकर पौडेल

प्रमुख प्रशासकीय अधिकृत